


मिति २०७९।१२।२८ गते UN Resident Coordinator Hanaa Singer-Hamdy ले राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठसंग शिष्टाचार भेट गर्नु भयो ।

उक्त भेटमा राष्ट्रिय योजना आयोग, संयुक्त राष्ट्र संघको एशिया प्यासिफिक क्षेत्रका लागि आर्थिक सामाजिक आयोग (UNESCAP) र संयुक्त राष्ट्र संघको नेपाल स्थित आवाशिय संयोजकको कार्यालय (UN Resident Coordinator Office) को संयुक्त आयोजनामा यहि मिति २०८०।१।५ गते देखि ७ गते सम्म काठमाण्डौमा हुन गैरहेको **Sub regional Workshop on "Structural transformation towards a sustainable graduation from least developed country category"** बिषयक कार्यशाला गोष्ठीको आयोजन, सोहि सर्न्दर्भमा हुने UNESCAP की Executive Secretary को नेपाल भ्रमणका साथै नेपाल स्थित संयुक्त राष्ट्रसंघका नियायहरुले कार्यान्वयन गर्ने कार्यक्रमहरु सम्वन्धमा तयार भएको United Nation Sustainable Development Cooperation Framework को कार्यान्वयका सम्वन्धमा समेत छलफल भयो । सो भेटघाट कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूले उक्त विषयका साथै नेपालको विकास प्रकृया र नेपालको आर्थिक अवस्थाका वारेमा प्रकास पार्दै संयुक्त राष्ट्र संघले नेपाललाई पुर्याउदै आएको सहयोगको लागी धन्यवाद दिनु भयो उक्त कार्यक्रममा UN Resident Coordinator Hanaa Singer-Hamdy ले नेपालमा उत्पादकत्व बठाउनु पर्ने, रोजगारी सृजना गर्नु पर्ने साथै नेपाल अतिकम विकसित राष्ट्रवाट स्तरोन्नति हुदै गरेको अवस्थामा संयुक्त राष्ट्र संघले नेपाललाई आवश्यक सहयोग गर्न तयार रहेको सम्वन्धमा आफ्ना धारणा राखु भएको थियो । उक्त भेटघाट कार्यक्रममा आयोगका सचिव श्री केवल प्रसाद भण्डारीले काठमाण्डौमा हुने उक्त क्षेत्रीय कार्यशाला संचालनका सम्वन्धमा भै रहको तयारी सम्वन्धमा प्रकास पार्नु भएको थियो ।

UN Resident Coordinator Hanaa Singer-Hamdy यहि सन् २०२३ को जनवरी देखि नेपालमा कार्यरत हुनुहुन्छ ।